प्रमुख सचिव

विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावना: गण्डकी प्रदेशको श्रीवृद्धि र गौरव बढाउने गरी विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रदेश सरकारद्वारा सम्मान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(ङ) "सम्मान" भन्नाले प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तिलाई प्रदेश सरकारबाट प्रदान गरिने गण्डकी रत्न सम्मान सम्झनु पर्छ।

परिच्छेद-२
सम्मान सम्बन्धी व्यवस्था

३. सम्मान प्रदान गरिने: (१) प्रदेशको श्रीवृद्धि र गौरव बढाउने गरी दफा ४ बमोजिमका क्षेत्रहरूमा विशिष्ट योगदान गर्ने व्यक्तिहरूलाई सम्मान प्रदान गर्न सकिनेछ।

(२) यस कार्यविधि बमोजिम गरिने सम्मानको स्वरूप र सम्मानपत्र अनुसूची-१ मा उल्लेख गरिए बमोजिम हुनेछ।

(३) यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मान एक आर्थिक वर्षमा अधिकतम तीन जनासम्मलाई प्रदान गर्न सकिनेछ।

सचिव

प्रमुख सचिव

४. <u>सम्मान प्रदान गरिने क्षेत्रहरूः</u> (१) प्रदेशको श्रीवृद्धि र गौरव बढाउने गरी देंहायका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने जुनसुकै व्यक्तिलाई प्रदेश सरकारले सम्मान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य तथा खेलकुद,

(ख) कृषि तथा सहकारी,

(ग) उद्योग, व्यापार, पर्यटन तथा वातावरण संरक्षण,

(घ) पूर्वाधार विकास तथा विपद् व्यवस्थापन,

(ङ) विज्ञान, प्रविधि, सूचना, सञ्चार तथा नवप्रवर्तन

(च) भाषा, संस्कृति, साहित्य तथा कला,

(छ) सार्वजनिक प्रशासन तथा सुशासन,

(ज) समाजसेवा, सामाजिक समावेशिता, सामाजिक सद्भाव र मानवधिकार संरक्षण।

(२) उपदफा (१) मा उल्लेख भएका बाहेक अन्य जुनसुकै क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको व्यक्तिलाई प्रदेश सरकारले उचित ठानेमा सम्मान प्रदान गर्न बाधा पर्ने छैन।

परिच्छेद-३

<u>सिफारिसको आधार र प्रक्रिया</u>

५. <u>सिफारिस समितिः</u>(१) प्रदेश सरकारबाट प्रदान गरिने सम्मान सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क)	प्रदेश सरकारको वरिष्ठतम् मन्त्री	- अध्यक्ष
(ख)	मन्त्री, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने	- सदस्य
(ग)	मन्त्री, आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने	- सदस्य
(घ)	प्रमुख सचिव	- सदस्य
(ङ)	प्रदेश सचिव, मन्त्रालय	- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा आर्थिक मामिलासम्बन्धी विषय हेर्ने मन्त्री वा आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्री नै वरिष्ठतम् मन्त्री भएमा मुख्यमन्त्रीले तोकेको अर्को मन्त्री सदस्यको रूपमा रहनेछ।

सचिव

प्रमुख सचिव

(३) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको सिफारिस समितिको अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>सम्मान सिफारिसको आधारः</u> (१) सम्मान प्रदान गरिने कुनैपनि व्यक्तिलाई सिफारिस गर्नुपर्दा देहायको आधारमा गर्नुपर्नेछः-

(क) प्रदेशको श्रीवृद्धि र गौरव बढाउने गरी आफ्नो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको,

(ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी प्रदेशलाई योगदान पुऱ्याएको,

(ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम उदाहरणीय रूपमा सम्पादन गरेको,

(घ) कुनै साहसिक वा बुद्धिमत्तापूर्ण कार्य गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको,

(ङ) आफूले गरेको सामाजिक, आर्थिक कार्यबाट सामाजिक सद्भाव, रोजगारी, प्रविधिको विकास, संस्कृति, कला संरक्षण लगायत समाजलाई सकारात्मक प्रभाव पार्ने खालको अनुकरणीय कार्य गरेको।

७. <u>सिफारिस प्रक्रियाः</u> (१) समितिले यथोचित समय राखी सम्मान सम्बन्धमा सार्वजनिक रूपमा सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) कुनै व्यक्तिले दफा ४ बमोजिमको क्षेत्रमा उत्कृष्ट कार्य गरी प्रदेशको श्रीवृद्धि र गौरव बढाउन विशिष्ट योगदान पुऱ्याएको छु भन्ने लागेमा आफूले पुऱ्याएको योगदानको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा खुलाई निर्धारित समयभित्र समिति समक्ष पठाउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिफारिस समितिले दफा ४ बमोजिमको क्षेत्रमा उत्कृष्ट कार्य गरी प्रदेशको श्रीवृद्धि र गौरव बढाउन विशिष्ट योगदान पुऱ्याएको व्यक्तिलाई छनौट गरी सम्मानका लागि प्रदेश सरकारमा सिफारिस गर्न बाधा पर्ने छैन।

(४) देहायको अवस्थाको कुनैपनि व्यक्ति सम्मानका लागि योग्य हुनेछैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

सचिव

(ख) राष्ट्र, राष्ट्रियता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता र सामाजिक सद्भावमा खलल पुग्ने गतिविधिमा संलग्न भएको, वा

(ग) प्रचलित कानूनद्वारा अयोग्य ठहरिएको।

८. छनौट प्रक्रियाः (१) समितिले यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी सम्मान प्राप्त गर्न योग्य व्यक्तिले पुऱ्याएको योगदानको विवरण सहित आधार र कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा प्रदेश सरकारले यस कार्यविधि बमोजिम सम्मान प्रदान गरिने व्यक्तिको नाम स्वीकृत गर्न सक्नेछ।

परिच्छेद-४

सम्मान घोषणा र वितरण सम्बन्धी व्यवस्था

९. सम्मान घोषणा र वितरणः (१) सम्मानित हुने व्यक्तिले पुऱ्याएको योगदानको विवरण समेत उल्लेख गरी मन्त्रालयले सम्मान समारोह हुनुपूर्व सार्वजनिक जानकारीका लागि त्यस्तो नामावली सार्वजनिक गर्नु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम सम्मान पाउने व्यक्तिलाई प्रदेश सरकारद्वारा तोकिएको दिनमा प्रदेश प्रमुखमार्फत् सम्मान प्रदान गरिनेछ।

(३) प्रदेश सरकारबाट सम्मानित हुने व्यक्ति सम्मान लिन स्वयं उपस्थित हुनु पर्नेछ।

तर मनासिब कारण सहित सम्मानित व्यक्ति स्वयं उपस्थित हुन नसक्ने भनी औपचारिक रूपमा जानकारी गराएमा वा जानकारी प्राप्त हुन आएमा निजले तोकेको व्यक्ति वा निजको हकवालालाई सम्मान प्रदान गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम तोकिएको दिनमा सम्मान ग्रहण नगर्ने व्यक्तिले उक्त समारोह भएको मितिले एक वर्षभित्र मन्त्रालयबाट सो सम्मान ग्रहण गरी सक्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र पनि सम्मान ग्रहण गर्न नआएमा त्यस्तो व्यक्तिलाई सम्मान प्रदान गरिने छैन।

परिच्छेद-५

प्रदेश सरकार र सम्मानित व्यक्तिको दायित्व

१०. सम्मानित व्यक्तिप्रति प्रदेश सरकारको दायित्वः (१) सम्मान प्राप्त गर्ने व्यक्तिले प्रदेश सरकारको तर्फबाट देहाय बमोजिमका थप सुविधा तथा सम्मान प्राप्त गर्न सक्नेछन्:-

प्रमुख सचिव

सचिव

(क) प्रदेश सरकारले आयोजना गर्ने औपचारिक समारोहमा प्रदेश सभाका सदस्य सरहको मर्यादाक्रम,

(ख) प्रदेश सरकार अन्तर्गत सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा तोकिएका सेवाहरूमा तोकिए बमोजिम उपचारको व्यवस्था,

(ग) प्रदेशभित्र सञ्चालित विमानस्थलको विशिष्ट कक्ष उपयोग गर्न पाउने व्यवस्था,

(घ) प्रदेश सरकार अन्तर्गत सञ्चालित सार्वजनिक सेवा प्राप्त गर्नका लागि विशेष प्राथमिकता,

(ङ) सम्मान प्राप्त गर्ने व्यक्ति संरक्षणविहीन भएमा निजको यथोचित संरक्षणको व्यवस्था।

(२) उपदफा (१) मा उल्लखित सुविधाका लागि मन्त्रालयले सम्मानित व्यक्तिलाई अनुसूची-३ बमोजिमको ढाँचामा परिचयपत्र उपलब्ध गराउनेछ।

११. <u>सम्मान प्राप्त गर्ने व्यक्तिको दायित्वः</u> यस कार्यविधि बमोजिम सम्मान प्राप्त गर्ने व्यक्तिको दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको श्रीवृद्धि र गौरव अभिवृद्धि गर्न थप उत्तरदायी हुनु पर्नेछ।

(ख) सम्मानको गरिमा र मर्यादालाई कायम राख्दै असल समाज निर्माणका लागि पथप्रदर्शकको भूमिका निर्वाह गर्नु पर्नेछ।

(ग) सम्मानित व्यक्तिले आफूसँग भएको ज्ञान, क्षमता, विचार, विज्ञता प्रदेश सरकारले अनुरोध गरेका बखत उपलब्ध गराउनु निजको कर्तव्य हुनेछ।

१२. <u>सम्मान फिर्ताः</u> (१) यस कार्यविधि बमोजिम प्राप्त गरेको सम्मान निज आफैंले वा निजको मृत्युपश्चात् निजको परिवारले फिर्ता गर्न चाहेमा मन्त्रालय मार्फत् प्रदेश सरकारसमक्ष फिर्ता गर्न सकिनेछ।

तर, सम्मान प्राप्त गरेको व्यक्ति सम्मान प्राप्त गरेपश्चात् दफा ७ को उपदफा (४) बमोजिम अयोग्य ठहरिन गएमा प्रदेश सरकारले त्यस्तो व्यक्तिबाट सम्मान फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक अन्य कुनै प्रकारले सम्मानको हक हस्तान्तरण तथा बिक्री वितरण गर्न पाइने छैन।

१३. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

सचिव

प्रमुख सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (२)सँग सम्बन्धित)

सम्मानको स्वरूप र सम्मानपत्र

(क) सम्मानको स्वरूपः

(१) **मण्डलः** यो मण्डल चाँदीबाट बनेको हुनेछ। यसको कुल व्यास ६.५ सेन्टिमिटरको हुनेछ। गोलाकार आकारमा बाहिरपट्टी पहिलो घेरामा एघार जिल्लाको प्रतीकात्मक स्वरूप एघार वटा कमलको पुष्पदल रहनेछन्। पहिलो घेरामा रहने कमलको पुष्पदलको व्यास १.५ सेन्टिमिटरको हुनेछ। दोस्रो घेराको व्यास ५ सेन्टिमिटरको हुनेछ। तेस्रो तथा भित्री घेराको व्यास ४ सेन्टिमिटरको हुनेछ। दोस्रो घेराभित्र माथिपट्टी **"गण्डकी प्रदेश सरकार"** र तलपट्टी **"गण्डकी रत्न"** अंकित हुनेछ। तेस्रो तथा भित्री घेराभित्र नदी (गण्डकी) को उद्‌गमस्थल एवं गण्डकी प्रदेशको पहिचान स्वरूप हिमाल र त्यसको माथि **राष्ट्रिय झण्डा** रहनेछ। यसको झण्डा र हिमालको भागमा सुन प्रयोग गरिनेछ। यसमा ५.५ ग्राम सुन र १२५ ग्राम चाँदी प्रयोग हुनेछ। यसको पछाडिपट्टिको भागमा वितरण गरिने साल उल्लेख गरिएको हुनेछ। यो मण्डल पट्टिकाको साथमा लगाइनेछ।

(२) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ। यसको चौडाइ ३.२ सेन्टिमिटर र लम्बाइ ७० सेन्टिमिटरको हुनेछ। यसको बराबर चौडाइमा रहने गरी बायाँ नीलो, दायाँ हरियो र बीचमा रातो रङ्ग हुनेछ।

मण्डलको प्रतीकात्मक स्वरूप

सचिव

प्रमुख सचिव

(ख) सम्मान पत्रको ढाँचा

प्रदेश सरकार

गण्डकी प्रदेश

पोखरा, नेपाल

<u>गण्डकी रत्न सम्मानपत्र</u>

श्री .....

.....

गण्डकी प्रदेशको गौरव एवं नेपाली जनताको हित अभिवृद्धिमा तपाईंबाट ..... क्षेत्रमा भएको उल्लेखनीय योगदानको उच्च मूल्याङ्कन गर्दै गण्डकी रत्नद्वारा सम्मान गरिएको छ। गण्डकी रत्नको गरिमा अक्षुण्ण राख्दै गण्डकी प्रदेशको गौरव एवं श्रीवृद्धिमा तपाईंलाई थप सफलता प्राप्त हुनेछ।

.....

( ) ( )

अध्यक्ष
सिफारिस समिति
तथा ..... मन्त्री

मुख्यमन्त्री

इति संवत् ... साल ... . गते रोज ... शुभम्।

सचिव

प्रमुख सचिव

अनुसूची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

सिफारिसका लागि ढाँचा

१. व्यक्तिगत विवरणः

नामथरः जन्ममिति/हालको उमेरः

ना.प्र.प.नं./जारी जिल्ला/रा.प.प.नं.:

स्थायी ठेगानाः

प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं.

अस्थायी ठेगाना/सम्पर्क ठेगानाः

प्रदेशः जिल्लाः स्थानीय तहः वडा नं.

शैक्षिक योग्यताः शैक्षिक संस्थाः उत्तीर्ण सालः

मोबाइल नं.: इमेलः

कुनै संस्थामा आबद्धता भए संस्थाको विवरणः

संस्थाको नामः ठेगानाः कार्यक्षेत्रः

स्थापना मितिः सम्पर्क नं.: इमेलः

संस्थामा कार्य गरेको पद/ओहदाः अवधिः (.....देखि ..... सम्म)

२. उपलब्धि विवरणः

विगतमा प्राप्त गरेका उपाधि, प्रशंसा पत्र, सम्मान भए खुलाउनेः

पुरस्कारहरूः

विभूषण/पदकः

अन्यः

३. सम्बन्धित व्यक्तिले हालसम्म गरेका उल्लेख्य कार्यको विवरणः

दफा ४ बमोजिम काम गरेको क्षेत्रः

काम गरेको अवधिः

सचिव

प्रमुख सचिव

विशेष योगदान/कार्यः

अन्यः

४. उल्लिखित सम्पूर्ण विवरण सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

नामथरः दर्जा(कर्मचारी भए): कार्यरत निकायः

ठेगानाः मोबाइलः इमेलः दस्तखतः

५. उल्लेखनीय उपलब्धि तथा सम्मान प्रदान गर्नुपर्ने आधार र कारणः

निजको आफ्नै पहलमा भएका सिर्जनशील कार्यः

साहसिक तथा उल्लेख्य कार्यको विवरणः

सार्वजनिक हित तथा प्रदेशको श्रीवृद्धि र गौरव बढाउन निजको योगदानः

सिफारिस गर्नुपर्ने अन्य आधार र कारणः

६. सिफारिस समितिको सिफारिस हो भने समितिको रायः

(पुनश्चः विवरण भर्दा तोकिएको स्थान अपुग भएमा छुट्टै पानामा प्रमाणित गरी संलग्न गर्न सकिनेछ।)

सचिव

प्रमुख सचिव

अनुसूची-३

परिचय पत्र

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

(क) अग्रपृष्ठको ढाँचाः

प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोटो

परिचयपत्र

नामथरः **गण्डकी रत्न श्री** .....
गण्डकी रत्न प्रदान गरिएको सालः
अनुभव/विज्ञताको क्षेत्रः
ना.प्र.प.नं./जारी जिल्लाः
रक्त समूहः

(बाहकको दस्तखत) (प्रमाणित गर्नेको दस्तखत)
मन्त्रालयको सचिव

(ख) **पछाडिको पृष्ठः** परिचयपत्रको पछाडिको पृष्ठमा गण्डकी रत्न सम्मान प्राप्त गर्ने व्यक्तिले पाउने दफा १० को उपदफा (१) मा उलिखित सुविधाहरू राखिनेछ।

सचिव